नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति : २०७५।०३।०६

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ रौतहट शाखा सचिव राजेन्द्रकुमार क्षेत्री, सदस्य उमेशकुमार यादव र पत्रकार विनयकुमारलाल दासलाई गौर नगरपालिका-४ टिकुलिया निवासी सञ्जयकुमार सहनीको नेतृत्वको समुहले हातपात, गालीगलौज तथा आगो लगाउन खोजेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ रौतहट शाखाका अनुसार आज विहान ८:०० बजे गौरस्थित कर्मचारी मिलन केन्द्रमा आयोजित आमसञ्चार विषयक तालिम स्थलमा सहनीको नेतृत्वमा आएका १०-१५ जनाको समुहले सचिव क्षेत्रीमाथि हातपात गरेको, सदस्य यादवलाई कालोमोसो दलेको र पत्रकार दासको साथमा रहेको १ थान मोवाइल र नगद १५ हजार लुट्नुका साथै उहाँमाथि पेट्रोल छर्केर आगो लगाउने प्रयास गरेका थिए ।

कुनै पनि बहानामा पत्रकारमाथि यस किसिमको घटना हुनु प्रेस स्वतन्त्रताविरोधी काम हो । महासंघ प्रेस स्वतन्त्रता विरोधी यस्ता घटनाको कडा भर्त्सना गर्दछ । र, घटनाको छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याई पत्रकारलाई पेशागत सुरक्षाको प्रत्याभूति दिलाउन स्थानीय प्रशासनसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org